सगुन सौगात मिडिया प्रा.ली.को प्रस्तुति सबैका लागि सञ्चार

# सिन्धुली सौगात

राष्ट्रिय दैनिक

sindhulisaugat.com

वर्ष १२ अंक २० साउन २२ आइतबार , २०७९ (Sunday 07 August, 2022) पृष्ठ ४ मूल्य रु. ५/






सिन्धुली भित्र र बाहिरका जिल्लामा सामान ओसार पसारकालागि हामीलाई सम्पर्क गर्नुहोस् ।

☎ ९८४९१४४७१५
(चालक: राम लो)


## सिन्धुलीमा कोरोना संक्रमण दर बढ्दै, नागरिकले स्वास्थ्य मापदण्ड पालना गर्न भुले

**■ सिन्धुली सौगात**

सिन्धुली - पछिल्लो समय सिन्धुलीमा कोरोना संक्रमणको दर बढ्न थालेको छ । जिल्लामा दैनिक ५ देखि १० जना सम्मलाई कोरोना संक्रमण भइरहेको छ । गत विहिबार २३ जनाको कोरोना परिक्षण गर्दा ७ जनामा संक्रमण पुष्टि भयो । शुक्रबार ५७ जनाको कोरोना परिक्षण गर्दा ९ जनामा संक्रमण पुष्टि भयो ।

कोरोना संक्रमण हुनेमा अधिकाशं कमलामाई नगरपालिकाको रहेको जिल्ला अस्पतालले जनाएको छ । हाल ३७ जना कोरोना संक्रमित होम आइसोलेसनमा उपचारत रहेका जिल्ला स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ । जिल्लामा हालसम्म ३ हजार ९ सय ४३ जनामा कोरोना संक्रमण पुष्टि भइसकेको छ । ति मध्ये ३ हजार ८ सय ६१ जना संक्रमणमुक्त भइसकेका छन् भने ४५ जनाको कोरोना संक्रमणको कारण मृत्यु भएको छ । जिल्लामा दैनिक कोरोना संक्रमण बढेको भन्दै सरोकारवाला निकायले सचेत हुन आग्रह गरिरहेको छ ।

यस्तै संक्रमण बढेपनि नागरिक लगाएत सरोकारवाला निकायले नै चासो दिएको छैन । दिनप्रतिदिन कोरोना संक्रिमत हुनेको संख्या बढेपनि नागरिक बिना मास्क निर्धक्क हिँड्डुल गरिरहेका छन् । सार्वजनिक स्थल तथा भेला सम्मेलनमा स्वास्थ्य मापदण्ड पालना गर्ने कमै देखिन्छ ।

जिल्ला प्रशासन कार्यालय सिन्धुलीले जिल्लामा पछिल्लो समय कोरोना संक्रमणको दर बढी रहेकाले अनिवार्य स्वास्थ्य मापदण्ड पालना गर्न अनुरोध गरेको छ । प्रशासनले एक सुचनामार्फत सम्पूर्ण सर्वसाधनलाई मास्कको अनिवार्य प्रयोग गर्न आग्रह गरेको हो । "सिन्धुली जिल्लामा पनि विगत केही दिनदेखि कोभिड-१९ संक्रमणको दर बढ्दै गइरहेको देखिएको छ । विगतमा जस्तै फेरी पनि कोभिड-१९ को प्रतिरोध गर्न हामी सबैले एकजुट हुनुपर्ने देखिएको छ ," सुचनामा भनिएको छ । संक्रमणको जोखिम कम गर्न तथा आफू र आफ्नो समाजलाई सुरक्षित गर्न खोप नलगाएका वा छुट भएका व्यक्तिहरुले खोप लगाउन समेत अनुरोध गरेको छ । यस्तै भिडभाडमा जाँदा मास्कको प्रयोग गर्ने, सेनिटाइजर, दुरी कायम गर्ने जस्ता न्यूनतम स्वास्थ्य मापदण्डको पुर्ण पालना गर्न सुचनामार्फत अनुरोध गरेको छ । "कार्यालयमा सेवा लिन आउनुभएका सेवाग्राहीहरुलाई कोभिड-१९ सम्बन्धमा व्यक्तिगत र सामुदायीकस्तरमा अपनाउनुपर्ने सतर्कताका वारेमा सचेतना सहित मास्क वितरण गरिएको छ । संक्रमणको जोखिम कम नहुँदा सम्मका लागि यस कार्यालयमा मास्क अनिवार्य गरिएको हुँदा मास्क लगाएर मात्र प्रवेश गर्नहुन समेत सवैमा जानकारी गराइएको छ ," सुचनमा उल्लेख गरिएको छ ।

कोरोना संक्रमणको बढेकाले स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने चिकित्सक बताउछन् । "कोरोनो जोखिम छ । स्वास्थ्य मापदण्ड पुर्ण रुपमा पालना गर्नु पर्छ । नागरिक आफै सचेत हुन जरुरी छ । यस्तै भिड,भेला, कार्यक्रममा स्वास्थ्य मापदण्ड पालना भएन भने कोरोनाको दर झनै बढ्ने सम्भावना छ ।" एक स्वास्थ्यकर्मीले भन्नुभयो । जिल्ला स्वास्थ्य कार्यालय सिन्धुलीले भिडभाड नगर्ने, मास्क अनिवार्य प्रयोग गर्न साथै स्वास्थ्य मापदण्ड पालना गर्न नागरिकलाई सचेत गराइरहेको जनाएको छ ।

## स्थानिय तहमा निर्वाचित महिला जनप्रतिनिधिलाई सम्मान

**■ सिन्धुली सौगात**

सिन्धुली - अखिल नेपाल महिला संघ ( क्रान्तिकारी) ले निर्वाचिन महिला जनप्रतिनिधिलाई सम्मान गरेको छ । शनिबार अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को जिल्ला विस्तारित बैठकमा स्थानिय तहमा निर्वाचित महिला जनप्रतिनिभिलाई सम्मान गरेको हो ।

अनेम संघ (क्रान्तिकारी)का जिल्ला अध्यक्ष सबिता कोइरालाको अध्यक्षता तथा माओवादी केन्द्रका जिल्ला इन्चार्ज लेखनाथ दाहाल ( राजन)को प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । जिल्लामा अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को स्थितीको बिषयमा जिल्लाका नौं वटै पालिकाका अध्यक्षले रिपोटिङ गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माओवादी केन्द्रका जिल्ला इन्चार्ज लेखनाथ दाहाल (राजन) ले अन्याय सहने र अन्याय गर्ने दुबै पक्षनै अनेम संघ (क्रान्तिकारी) को नेतृ नहुने बताउनुभयो । उहाँले क्रान्तिकारी नेतृले अन्याय नगर्ने र नसहने पनि बताउनुभयो । पुरुषको तुलनामा महिला बढि अनुशासीत र बढि संघर्ष गर्न सक्ने भएकाले महिलाको नेतृत्वमा देशको सम्मुनत विकासको अपेक्षा गर्ने सकिने बताउनुभयो । दाहालले पछिल्लो समय जिल्लामा महिलाहरुको सहभागिता भएपनि सक्रिय र प्रभावकारी सहभागिता भने नभएको बताउनुभयो । त्यसको कारण भने अहिले पनि महिलामा पितृसतात्मक सोच भएकाले महिलाहरुमा नेतृत्व गर्ने क्षमताको कमि भएको बताउनुभयो । रिर्पोटिङको क्रममा अनेम संघका पालिका अध्यक्षहरुले महिलालाई स्थानिय चुनावमा नेतृत्व गर्ने अवसरबाट बन्चित पारिएको गुनासो गरेका छन् । २०७९ बैशाख ३० गतेको दोस्रो स्थानिय चुनावमा महिलाले पाएको टिकट पनि गठबन्धनले गर्दा रद्ध गरिएको थियो ।साथै सिन्धुली जिल्लामा माओवादी केन्द्रबाट नवनिर्वाचित महिला जनप्रतिनिधिहरुलाई प्रमाण पत्र, खादा र अविरले सम्मान गरिएको थियो ।

कार्यक्रमको स्वागत मन्तव्य अनेम संघका केन्द्रिय सदस्य दिपा बोहोरा दाहालले राख्नुभएको थियो । कार्यक्रममा अनेम संघका केन्द्रिय उपाध्यक्ष प्रतिमा श्रेष्ठ,माओवादी केन्द्रका केन्द्रिय सदस्य दिर्घराज श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो । कार्यक्रमको सन्चालन अनेम संघ सिन्धुलीकी सचिव जमुना काफ्ले ले गर्नुभएको थियो ।

## सिन्धुलीमा ८७ प्रतिशत रोपाँइ सम्पन्न

**■ सिन्धुली सौगात**

सिन्धुली । सिन्धुलीको गड्तीर भेगमा यस बर्ष गएको बर्षहरुको तुलनामा केही मात्रामा बढी पानी पर्दा धान रोपाइमा सहज भएको छ ।

बिगतका केही बर्षहरुमा जिल्लाको गोलन्जोर गाउँपालिकाको खुर्कोट, सुनकोशी गाउँपालिकाको खाल्टे, मुल्कोट, झागाझोली रातमाटा क्षेत्रमा पर्याप्त पानी नपर्दा रोपाई गर्न समस्या हुने गरेको भए पनि यस बर्ष समयमै बर्षा भएको कारण रोपाई समयमै सकिन लागेको सुनकोशी गाउँपालिका ६ खाल्टेका स्थानिय गोपाल श्रेष्ठले बताउनु भएको छ । उहाका अनुसार पहिला पहिला समयमै बर्षा नहुदा धानको ब्याड खेतमै हुर्किने तथा रोपाईको लागी साउनको अन्त्य सम्म पनि कुर्नु पर्ने अबस्था रहेको भए पनि यस बर्ष रोपाई करिब करिब सकिन लागेको छ ।

यता कृषि ज्ञानकेन्द्र सिन्धुलीले अहिलेसम्म जिल्लामा हालसम्म ८२ प्रतिशत रोपाई सकिएको बताएको छ । जिल्लाको समग्र धान उत्पादन हुने सिन्धुलीमा १५ हजार चार सय २३ हेक्टर जमिनमध्ये १३ हजार चार सय १८ हेक्टर जमिनमा ८७ प्रतिसत रोपाई सकिएको कृषि ज्ञानकेन्द्र सिन्धुलीका प्रमुख सुजन अँगाईले जानकारी दिनु भएको छ ।

## करेन्ट लागेर एकको मृत्यु

**■ सिन्धुली सौगात**

सिन्धुली - सिन्धुलीमा करेन्ट लागेर एक जनको मृत्यू भएको छ । तीनपाटन ७ तोश्रामाखोला पतेनीमा करेन्ट लागेर ३५ वर्षिय तीर्थ बहादुर श्रेष्ठको मृत्यु भएको हो ।

बाक्सु खोला जलविद्युत आयोजनाबाट सन्चालित विद्युतको पोल ढलेर तार बाटोमा झोल्लीएको ठाउँमा शुक्रबार बेलुकी करिब ७ बजे बाहुन तिल्पुङबाट घर कालिमाटी तर्फ जाँदै गर्दा श्रेष्ठलाई करेन्ट लागेको थियो ।

स्थानीयको सहयोगमा उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र लाम्पन्टार ल्याउँदै गर्दा बाटौमा श्रेष्ठको मृत्यु भएको स्थानियले जानकारी दिए ।

घटनाबारे बुझ्न शनिबार विहान इलाका प्रहरी कार्यालय डकाहाका इन्स्पेक्टर राजेश कुमार वतौलाको टोली घटना स्थल पुगेको थियो । मृतक श्रेष्ठको शव प्राथमिक स्वास्थ्य केन्द्र लाम्पन्टारमा पोष्ट मार्टम गरिएको छ ।

वर्षातको समयमा तीनपाटनमा धेरै जस्तो ठाउँमा विद्युतको तार झोल्लीएको अवस्थामा रहँदा पनि सम्बन्धीत नियकाले समयमै ध्यान नदिँदा स्थानियले करेन्टबाट ज्यान गुमाउने गरेका छन् ।

## ग्रामीण सडक भताभुंग

**■ सिन्धुली सौगात**

सिन्धुली,- सिन्धुली जिल्लामा स्थानीय तहलाई जोड्ने ग्रामीण सडकहरु बर्षाले भत्किदा यात्रुहरु कष्टकर यात्रा गर्न बाध्य भएका छन् ।

जिल्लामा केही दिनअघि आएको अबिरल बर्षाले जिल्ला सदरमुकाम सिन्धुलीमाढीबाट तीनपाटन गाँउपालिकाको केन्द्र जाने चकमके सडक, गोलन्जोर गाँउपालिकाको खनियाखर्क-कमारेभन्ज्याङ सडक, बीपी राजमार्गको सोलाभन्ज्याङ-नागी मझुवा लगायतका सडक भत्किएको स्थानीयले गुनासो गरेका छन् ।

सदरमुकाम सिन्धुलीमाढी-चकमके सडक अन्तर्गत सदरमुकामको माझीटारदेखि जिर्घाखोलासम्म १२ किलोमिटर सडक निकै कष्टकर बनेको स्थानीय शिक्षक जनार्दन कोईराला गुनासो गर्नु हुन्छ । उहाँले भन्नुभयो, "माझीटारदेखि नै जिर्घासम्मको सडक रोपाइँ गर्न ठिक्क पारेजस्तै छ । उक्त सडक बागमती प्रदेश सरकारको आर्थिक सहयोग ३५ लाख रुपियामा ठेक्का लागेर गत बर्षदेखि काम सुरु गरेको भएपनि सडकको स्तरउन्नतीसँगै बर्षाले झन् हिड्नै नसक्ने गरी उल्टै बाटो बिगारेका खण्डमा सडक यात्रा निकै कष्टकर बनेको छ " उहाँले सुनाउनुभयो । त्यस्तै बीपी राजमार्गको खनियाखर्कदेखि कमारेभन्ज्याङ जोड्ने ग्रामीण सडकको अवस्था पनि उस्तै रहेको स्थानीयको गुनासो छ । गोलन्जोर गाँउपालिका-५ हिर्दिङ निवासी बिबस थापाका अनुसार उक्त सडक अन्तर्गत पनि बागमती प्रदेश सरकारको सहयोगमा गत बर्षदेखि चार किलोमिटर कालो पत्रे सुरु भई डेढ किलोमिटर काम सकिएको थियो । अहिले पिच भएको डेढ किलो मिटर त कतैकतै नदेखिने र गुणस्तरहिन काम भएकोले पिच भत्किएको उहाँले सुनाउनुभयो ।उहाँले भन्नुभयो, 'गाँउमा कालोपत्रे सडक निर्माण सुरु हुदा हामी सबै मख्ख थियौ । राम्रो सडक बन्न लाग्यो भनेर । अहिले सडकको दुर्दशा हेदा कस्लाई के भन्ने !' तीनपाटन गाँउपालिकाकै केन्द्र चकमकेदेखि आम्बोटे र बाहुनतिल्पुङ जाने सडक पनि केही दिनअघि आएको बर्षाले बिगारेर क्षती गरेको भएपनि मर्मत गर्न सुरु गरेको गाँउपालिकाले जनाएको छ । गाँउपालिका अध्यक्ष कर्णबहादुर थापामगरले बर्षाले क्षती गरेको उक्त सडक मर्मत गर्न सुरु गरिएको सुनाउनुभयो । उहाँले भन्नुभयो, "माझीटार-चकमके सडकको सबैभन्दा बढी नगरपालिका क्षेत्रमा क्षती भएको छ, गाँउपालिका क्षेत्रमा त खासै क्षती भएको छैन । ग्रामीण सडक वर्षाले भत्किएसँगै यातायात सञ्चालन गर्न समस्या परेको यातायात व्यवसायिले बताएका छन् । पानीले सडक भत्किएपछि जोखिम मोलेर यातायात सञ्चालन गर्नु परेको सुनौलो यातायात व्यवसायी समितिका अध्यक्ष कान्छामान बलले बताउनुभयो ।







## सम्पादकीय

# पर्यटन प्रबर्द्धनमा जोड देऊ

सिन्धुलीमा पर्यटकिय गन्तव्यहरुमा राज्यको करोडौं लगानी रहेको छ । ऐतिहासिक सिन्धुलीगढीमा युद्ध संग्राहलय, रानीदरबार लगायत समग्र गढी क्षेत्रलाई आकर्षित बनाउन तीनै तहको सरकार जुटेको छ । सिन्धुलीको पर्यटन प्रबर्द्धनकालागि ऐतिहासिक सिन्धुलीगढी परिसर कोसेढुंगा सावित हुने भएको छ । दक्षिण एसियामै पहिलो पटक अंग्रेज फौजलाई हराएको स्थानमा देशकै पहिलो युद्ध संग्राहलय निर्माण हुदाँ पर्यटन क्षेत्रको विकासमा यस्ले महत्वपुर्ण भुमिका खल्छ । संग्राहलय निर्माण र व्यवस्पानमा नेपाली सेनाको बर्दबहादुर गणको भुमिका सराहनिय छ । त्यसैगरि, स्थानिय सरकारले चालेका कदमहरु पनि प्रशंसनियनै छ । भौगोलिक हिसाबले निकै नै राम्रो ठाउँमा रहेको ऐतिहासिक स्थलको वातावरण र मौसममा जोकोहि लोभिन सक्छ । देशको विरताको कथा बोकेको सिन्धुलीगढीमा बनिरहेको संरचनाले इतिहास रुचाउनेकालागि पाठशाला नै हो । तसर्थ, सिन्धुलीगढीको विरताको प्रचार प्रसारकालागि स्थानिय सरकार लगायत केन्द्रिय सरकारले विशेष जोड दिन आवश्यक छ । अन्तर्राष्ट्रिय स्तरमै यहाँको इतिहासको प्रचारप्रसार गर्न सकियो भने सिन्धुलीमा पर्यटन फस्टाउन समय लाग्दैन ।

राजधानि काठमाडौँबाट सिन्धुलीगढीको दुरी कम भएको र मनोरम नागबेलि सडकका कारण पनि गढी क्षेत्र पर्यटनको लागि उत्कृष्ठ गन्तव्य हो । रमणीय दृश्य र रमाइलो मौसमले सिन्धुलीगढी क्षेत्रमा पर्यटक तान्ने निश्चित नै छ । त्यसमाथि, युद्ध संग्राहलय, रानीदरबार लगायत सिन्धुलीगढी परिसरको सजावटले सुनमा सुगन्ध थपिदिएको छ । अतः सिन्धुलीगढी पर्यटन प्रबर्द्धनकालागि कोसेढुंगा भएकाले प्रचारप्रसार गर्नतर्फ सम्बन्धित सबै निकायको ध्यान जान जरुरी छ ।

## आर्थिक समाचार

# विदेशबाट सुन ल्याउने क्रम बढ्यो

**■ सिन्धुली सौगात**

काठमाडौं- विदेशबाट फर्किदा राजस्व तिरेर ल्याउने व्यक्तिगत रुपमा सुन ल्याउने क्रम बढेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका अनुसार अघिल्लो दुई/तीन महिनाको तुलनामा अहिले सुनको परिमाण बढेको छ ।

कार्यालयका प्रमुख महेश भट्टराईले चाडपर्व नजिकिएर विदेशबाट सुन ल्याउने क्रम बढेको अनुमान गर्नु भयो । भन्सार ऐनअनुसार नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई फर्कँदा व्यक्तिगत प्रयोगका लागि सुनको गहना ५० ग्रामसम्म ल्याउन पाउँछन् ।

यस्तै, भन्सार ऐनअनुसार बनेको निर्देशिकाले एक व्यक्तिले विदेशबाट आउँदा ५० ग्राम बाहेक थप २ सय ग्रामसम्मको सुनका गहना ल्याएमा भन्सार महसुल बुझाई जाँचपास गर्न सकिने व्यवस्था छ । सोभन्दा बढी गहना ल्याएमा जफत हुन्छ ।

५० देखि १ सय ग्राम सुनका गहना विदेशबाट ल्याउनुपर्दा प्रति १० ग्राम १० हजार रुपैयाँका दरले भन्सार शुल्क तिर्नुपर्छ । त्यसभन्दा बढी थप एक सय ग्रामसम्म सुनका गहनामा प्रति १० ग्राम १२ हजार रुपैयाँ तिर्नुपर्ने प्रावधान छ ।

अहिले यस्ता व्यक्तिले ल्याउने सुन दैनिक डेढदेखि दुई किलोसम्म आउने गरेको कार्यालय प्रमुख भट्टराइले बताउनु भयो । “दुई तीन महिनायता १ किलो तल झरिसकेको थियो । अहिले डेढदेखि २ किलो दैनिक यस्ता सुन आउँछन्,” भट्टराईले भन्नु भयो । हरेक दिन विदेशबाट फर्किने नेपालीको संख्या सरदर ४ हजार हुन्छ । यसरी आउनेमध्ये केहीले सुनचाहिँ अनिवार्यजस्तै गरी ल्याउँछन् । यता, नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार अहिले दैनिक २० किलो सुनको कारोबार भइरहेको छ । महासंघका महासचिव धर्मभक्त बज्राचार्यका अनुसार तीजका लागि गहनाको अर्डर गर्ने बढेका छन् ।

# चुनावी ‘कार्ड’ र विदेशी बैसाखीको खोजीमा शीर्ष नेताहरू

*✍ युवराज घिमिरे*

‘नो नट अगेन’ अभियानका रचयिता तथा अभियन्ताहरू अहिलेसम्म सार्वजनिक भएका छैनन् तर आगामी निर्वाचनमा वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवासहित अन्य पाँच पूर्वप्रधानमन्त्री- पुष्पकमल दाहाल ‘प्रचण्ड’, बाबुराम भट्टराई, माधवकुमार नेपाल, झलनाथ खनाल र केपी ओलीलाई पराजित गर्नु नै यो समूहको मुख्य उद्देश्य रहेको बुझ्न सकिन्छ ।

प्रजातन्त्रमा प्रतिस्पर्धा र विकल्प उपलब्ध हुन्छन्, हुनैपर्छ । नेतृत्वलाई जवाफदेही बनाउने संयन्त्र र प्रक्रियाको अभावमा प्रजातन्त्र एउटा ‘लेबल’मा सीमित हुन पुग्छ ।

यिनीहरूलाई हराएर कसलाई ल्याउने ? नेतृत्वको दासत्वमा दबेका दलहरू यथावत् रहने तर तिनका नेतृत्वलाई पराजित गराएर कस्तो विकल्प खोज्ने? त्यसबारे अभियान मौन छ । सम्भवतः यी अभियन्ताहरू तत्काल आफ्नो अनुहार जनतासमक्ष ल्याउन चाहँदैनन्, किनकि हुन सक्छ त्यसमा केही परिचित र सत्ताको राजनीति तथा वर्तमान व्यवस्थाभित्रैका अनुहार हुन सक्छन् ।

बालेन शाह, हर्क साम्पाङ तथा गोपाल हमालको चुनावी सफलताबाट पनि यो अभियान प्रोत्साहित भएको हुन सक्छ । तर, अदृश्य प्रयासले दीर्घकालीन रूपमा मुलुकलाई सकारात्मक तथा प्रभावकारी विकल्प दिन सक्दैन ।

विकल्पको अपनत्व सार्वभौम र सुसूचित जनताको नै हुनु आवश्यक छ । स्थानीय निर्वाचनमा केही हदसम्म देखा परेका जन वितृष्णालाई विद्यमान राजनीतिको कुरूपता समाप्त गर्न अदृश्य प्रयासबाट सम्भव हुँदैन ।

तर, नेताहरू यसबाट आतंकित भइसकेको बुझ्न सकिन्छ । मंसिर ४ गते हुने निर्वाचनमा गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताबारे मौन रहेर त्यसविपरीतका चुनावी गतिविधिहरूमा उनीहरू देखिन थालेका छन् । माधव नेपाल आफ्ना समर्थकहरूसँग ‘होम’ र पूजामा सामेल भएको फोटो सामाजिक सञ्जालमा ओइरो लाग्न थालेका छन् ।

केपी ओली पशुपति क्षेत्रमा बागमती (गंगा) आरतीमा सामेल भएका छन्, साउनको सोमबार पारेर। प्रचण्डले पूर्वप्रधानमन्त्रीहरू विरुद्धको यो अभियानलाई समाज विखण्डनको प्रयासका रूपमा चित्रित गर्दै नेतृत्व लिन युवाहरूको पालो नआइसकेको बताएका छन् । देउवा बाहिरी राजनीतिबारे किंकर्तव्यविमूढ छन् तर नेपाली समाज र जनताबीच जान छोडेर अमेरिका तथा भारत रिझाउनुलाई नै आगामी निर्वाचनमा सफलताको कारण हुने मान्छन् उनी ।

देउवा र त्यसपछि प्रचण्डको दिल्ली भ्रमण र त्यसपछि ‘फास्ट ट्र्याक’मा संसद्बाट पारित गरिएको नागरिकता विधेयकले यो विवादलाई खासगरी हिमाल, पहाड र तराईका रैथानेहरूको चित्र बुझ्नेगरी सम्बोधन गर्ने छैन । यो संवेदनशील मामिलालाई काँग्रेस र माओवादीलगायत केही दलका नेताहरूले नेपालीहरूलाई भ्रुस्काउने गरी गिजोलिरहेका छन् । हुन सक्छ, आगामी निर्वाचनमा ‘नो नट अगेन’ अभियानबाट उनीहरू दण्डित हुनेछन् ।

धर्मनिरपेक्षताको आवरणमा ‘हिन्दू कार्ड’ खेल्ने प्रयास ओलीबाट मात्र भएको छैन । नेपाली काँग्रेसका विमलेन्द्र निधि, देउवा र प्रचण्डपछि दिल्ली पुगेका छन् । धर्मनिरपेक्षताका कट्टर प्रचारक निधि अयोध्यामा निर्माणाधीन राममन्दिरमा राख्न धातुको धनुष सीता नगरी जनकपुरमा निर्माण हुनुपर्ने अभियानमा जुटेका छन् । देउवा र प्रचण्डजस्तै निधिको पनि नयाँ तीर्थ र उद्धारकर्ता भारतीय जनता पार्टी नै बनेको छ । ओलीले हिन्दूमततिर नजर राख्दै गंगा आरती पुग्दा हिन्दू टोपी लगाएर पाँच वर्षअघिको निर्वाचनमा निर्णायक बनेको उनको राष्ट्रवादी छवि कसरी पुनःस्थापित गर्ने? त्यो रणनीतिमा पनि लागेको बुझ्न सकिन्छ । हालै, एउटा कार्यक्रममा उनले लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटी नेपालको नयाँ नक्सा जारी गरेकाले आफू सत्ताबाट हटाइएको दाबी गरेका छन् । यति मात्र होइन, २६ वर्षपहिले पश्चिममा सूर्य उदाउने र नेपालका लागि बर्सेनि एक अर्ब २६ करोड फाइदा पुऱ्याउने नाममा पार्टी फुटाउने हदसम्म गई महाकाली सन्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेका उनले त्यसमा आफू चुकेको बताएका छन् ।

भोलि प्रचण्ड-बाबुराम भट्टराईले १७ हजार नेपालीको ज्यान जाने ‘जनयुद्ध’ र त्यसलाई समाप्त गर्न भारत र पश्चिमाहरूसँग गुहार माग्नु गल्ती थियो भनेमा अन्यथा मान्नु नपर्ने अवस्था उत्पन्न भएको छ ।

दुर्भाग्य, नेपाली नेताहरूको जनतासँग सम्पर्क टुटेको छ, उनीहरूले नेताहरूसँग दोहोरो कुरा गर्ने अवसर विरलै पाउँछन्, त्यसैले नेताहरूसँग प्रश्न गरी उनीहरूलाई जवाफदेही बनाउन सक्दैनन् । ‘होली वाइन’ सँग जोडिएको सम्मेलनमा तीन दिन प्रधानमन्त्रीको दायित्व ‘बंक’ गरी उपस्थित हुने ओली र माधव नेपाल, अनि हिन्दू धर्मलाई ‘दूध गंगामा चढाउने र मूत पिउने’ प्रथाका रूपमा चित्रित गर्ने बाबुराम भट्टराई के धर्मनिरपेक्ष हुन् बोली र व्यवहारमा? नेपाली नेताहरूको धर्मनिरपेक्षता बारेको बुझाइ र अभ्यास स्पष्ट पार्छ, यिनीहरूमा मानवीय संवेदनशीलता र करुणाको सर्वथा अभाव छ र एउटाको भरिया बनेर अर्को धर्मको विनाशका लागि उभिएका छन् यिनीहरू ।

वास्तवमा धर्मनिरपेक्षतामाथि बहस र साझा अभिमत बन्न नदिनु नै एउटा षड्यन्त्र थियो, ‘हिन्दू’लाई अपमानित गर्न र क्रमशः धर्म परिवर्तनमार्फत हिन्दूलाई अल्पसंख्यामा पुऱ्याउन । बाबुराम भट्टराईको ‘दूध र मूत’को अभिव्यक्ति त्यो मानसिकता र षड्यन्त्रको दम्भपूर्ण संकेत थियो । धर्मनिरपेक्षतालाई जुन शैलीबाट लादियो, संघीयता तथा गणतन्त्रबाट त्यसलाई अलग राखेर हेर्न मिल्दैन । र, यसरी नेपालको वर्तमान बेथिति, अराजकता र बाह्य हस्तक्षेपलाई सम्बोधन गर्न सकिन्न । धर्म परिवर्तन र धर्मनिरपेक्षताका नाममा कसरी व्यक्तिहरू आफ्नो मौलिक पहिचानबाट वञ्चित भएका छन्, त्यसको स्विकारोक्ति क्षमायाचनासहित पोप फ्रान्सिसले अभिव्यक्त गरेका छन् क्यानडामा त्यही सन्दर्भ गत साता ।

पोपका प्रतिनिधिहरू अर्थात् मिसिनरिजहरूले आध्यात्मिक, सांस्कृतिक, भावनात्मक, शारीरिक र यौनजन्य शोषणबाट क्यानडाका आदिवासी (प्रथमवासी) बालबालिकाहरूलाई प्रताडित र हत्यासमेत गरेको स्वीकार गर्दै उनले क्षमा याचना गरे। नोबेल शान्ति विजेता डेसमन्ड टुटुको यो प्रख्यात अभिव्यक्तिको मर्मलाई पोपले पुष्टि गरे, जब मिसिनरीहरू अफ्रिका आए, उनीहरूसँग बाइबल थियो र हामीसँग जमिन । उनीहरूले भने मिलेर प्रार्थना गरौँ, हामीले आँखा बन्द गऱ्यौँ। आँखा खोल्दा हाम्रो हातमा बाइबल थियो र जमिन उनीहरूको हुन पुग्यो । धर्मको नाममा अर्काको जग्गा हडप्ने, धर्म खोस्ने अनि गोराहरूको सर्वोच्चता लाद्ने काममा सफलता पाए उनीहरूले। रंगभेदमा आधारित शासन व्यवस्था नै कायम गरे धर्मको नाममा। क्यानडाको पोप क्षमायाचना प्रसंग त्यसैको अर्को बीभत्स रूप थियो । नेपालमा प्रक्रियाविहीन तरिकाबाट केही नेता, एनजिओ र सञ्चारको सक्रियता या मौनताबाट धर्मनिरपेक्षता आउनुपूर्व राजसंस्थालाई निस्तेज र अपमानित गर्ने प्रयास त्यही लक्ष्य प्राप्तिको षड्यन्त्रपूर्ण प्रयोग थियो । पक्कै पनि त्यसबेलाको राजनीतिक सन्दर्भमा केही गणतन्त्रवादी र प्रजातन्त्रवादीहरू सक्रिय नभएका होइनन् । तर, नेपाली जनतासँगै उनीहरूको निर्णयको अधिकार र अवसर यिनै बाहिरी शक्तिहरूले खोसेर आफ्नो हातमा लिएका थिए। अग्रगामी राजनीतिका नाममा पैसा सँगै मिसिएर धर्मनिरपेक्षता, धर्म परिवर्तन, गणतन्त्र र संघीयताका एजेण्डाहरू लादिएका थिए। माधव नेपाल, ओली, प्रचण्ड अप्रत्यक्ष तर अपर्याप्त रूपमा प्रायश्चित गर्दै छन् अहिले तर जबसम्म पोप फ्रान्सिसले जस्तै दासत्वको राजनीति अँगालेकोमा उनीहरूले क्षमायाचना गर्दैनन् नेपाली जनतासमक्ष, उनीहरूको अस्तित्व अन्ततः इतिहासको रद्दी टोकरीमा विलिन हुने सम्भावना बढी रहनेछ ।

राष्ट्रवादी टोपीको खोजीमा ओलीले ‘महाकाली’ सन्धिमा आफ्नो भूल २५ वर्षपछि कवुल गरेका छन् भने नयाँ नक्साका कारण आफू सत्ताबाट हटाइएको दाबीका क्रममा उनले उत्तरी सीमाबाट भारतीय सेनालाई हटाउँदा (२०२७ वि.सं.) कीर्तिनिधि विष्टको जस्तो आफ्नो हालत बनेको झुटो तर्क प्रस्तुत गरेका छन् । एमसीसी पास गराउने प्रयासमा लागेका ओलीको पार्टीमा उनको कार्यशैलीप्रति आक्रोशित झलनाथ खनाल र माधव नेपालसहित आलोपालो सहमतिअनुसार प्रधानमन्त्री बन्नबाट वञ्चित प्रचण्ड उनीबाट टाढिए। अल्पमतमा परे ओली ।

पार्टी र कम्युनिस्ट सरकार बचाउन राजीनामा दिन चीनले गरेको आग्रह मानेनन् एकातिर भने अर्कोतिर नाकाबन्दी तथा नक्सा प्रकरणमा जसको विरुद्ध उनले अडान लिएका थिए, त्यही भारतको जासुसी संस्था प्रमुखसँग आपत्तिजनक तरिकाले एक्लाएक्लै भेट गरे ओलीले। उनको छविको पतन त्यहीँबाट सुरु भयो । अर्को, कीर्तिनिधि विष्ट स्वयंले पटक-पटक राजा उत्तरी चेकपोस्टबाट भारतीय सेना हटाएपछि प्रतिकूल परिस्थिति आएमा राजीनामा दिन तयार रहेको सहमति राजा महेन्द्रसँग भएको बताएका छन् । तर, त्यो घटनापछि पनि उनी सत्तामै रहिरहेको आफ्ना लेख र अन्तर्वार्ताबाट स्पष्ट पारेका छन् । पार्टी टुटेर संसद्को बहुमतले देउवालाई प्रधानमन्त्री बनाउन दिएको निवेदनपछि पनि राष्ट्रपतिले ओलीप्रति देखाएका कमजोरी (प्रधानमन्त्री नियुक्ति) र विष्ट प्रसंग तुलनीय छैनन् । विष्ट र राजाबीचको समझदारी मुलुकको स्वाभिमानको लागि थियो, सत्ताका लागि हैन । झलनाथ खनालको आँखा सम्भवतः शीतलनिवासतर्फ गढेको छ । भारत भ्रमणपछि देउवा र प्रचण्डबीचको गठबन्धनले निरन्तरता पाउने निश्चित छ । तर, एमसीसी अनुमोदनपछि नै युक्रेनमाथि आक्रमणका लागि संयुक्त राष्ट्रसंघमा रुसको निन्दा गर्न सक्रिय नेपाल उत्तरी छिमेकमा ताइवानमा अमेरिकी प्रतिनिधिसभाकी अध्यक्ष न्यान्सी पेलोसीको भ्रमणबाट उत्पन्न तनावबारे के कुनै रूपमा चिन्तित छ? स्टेट पार्टनरसिप प्रोग्राम अघि नबढाउन मन्त्रिपरिषद्ले निर्देशन दिएको हप्तौंसम्म अध्ययनमै लागिरहेको ‘परराष्ट्र मन्त्रालय’ सीमापारिको यो तनावबारे पनि अध्ययनमै व्यस्त छ? प्रधानमन्त्री र परराष्ट्रमन्त्री तथा प्रचण्डसहितको सत्ता गठबन्धनको मौननीति नै नेपालको परराष्ट्र नीति हो भने यी सबै प्रधानमन्त्री मुलुकको सम्मान र स्वतन्त्र हैसियतप्रति बफादार नबनेको प्रमाण हो यो । ‘नो नट अगेन’मा यिनीहरू बढारिँदा मुलुकको सम्मान र जनताको आत्मविश्वास तत्काल नबढे पनि त्यसका लागि उपयुक्त वातावरण निर्माण हुनेछ ।

*देश सञ्चारबाट साभार ।*

## स्वास्थ्य र जीवनशैली

# रिस किन उठ्छ, कसरी व्यवस्थापन गर्ने ?

*✍ डा आशिष दत्त*
*(मानसिक रोग विशेषज्ञ)*

रिस एक किसिमको भावनात्मक अवस्था हो । मान्छेको विभिन्न भावनात्मक अवस्था हुन्छन् । कहिले मान्छे दुःखी हुन्छ, कहिले हाँस्छ, कहिले अत्तालिन्छ त्यो नै रिस एउटा भावना हो । यो सामान्य हो । यो प्राकृतिक हिसाबलेनै उत्पन्न हुन्छ ।

हामीले हरेक दिन धेरै कुरा अनुभूति गरिरहेका हुन्छौं । अनुभूति गर्ने क्रममा विभिन्न किसिमको भावनात्मक अवस्था पनि त्यहीँ हिसावले उत्पन्न भइरहेको हुन्छ । कुनै परिस्थिति अथवा कुनै घटनालाई हामीले आँकलन गर्ने क्रममा अथवा त्यसको अर्थ लगाउने क्रममा आफूमाथि त्यस्तो अन्याय भएको अनुभूति भएमा रिसको भावना उत्पन्न हुनसक्छ ।

रिस सबै जनामा हुन्छ । कतिपय अवस्थामा सामान्य र स्वस्थ्य मानिन्छ । किनभने रिस आन्तरिक रूपमा अनुभूति हुने अवस्था हो । तर कतिपय अवस्थामा रिसको भावना व्यवहारमा परिणत हुन थाल्यो, रिसले हामी आक्रामक हुन थाल्यौं, आफैंलाई चोट पुऱ्याउने अथवा अरूलाई आघात पुऱ्याउने काम गऱ्यौं भने त्यो रिसलाई हामीले नराम्रो तरिकाले हेर्छौं जसलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

रिसको व्यवस्थापन हामीले हाम्रो जीवनमा घटिरहेका कुरालाई कसरी आँकलन गर्छौं त्यसमा भर पर्छ । यो सबै चिज हाम्रो सोचाइमा सम्बन्धित छ । सबैभन्दा पहिला हामीले हाम्रो विचारलाई व्यवस्थापन गर्न सिक्नुपर्छ । रिस भनेको के हो भनेर आफ्नै परिप्रेक्ष्यमा बुझ्न थाल्यौं भने यसलाई व्यवस्थापन गर्न सकिन्छ । रिस व्यवस्थापन गर्ने विभिन्न किसिमका पद्धति हुन्छन् । रिस उठ्ने कुनै परिस्थिति उत्पन्न भयो भने एकछिन आफूले आफैलाई रोकौं ।

आफ्नो दिमागमा आएको विचारलाई आँकलन गरौं । हुनत यो निकै जटिल प्रक्रिया हो । तर निरन्तर प्रयास गर्दा यो सम्भव छ । कहिलेकाहीँ हामीले बदलाको भावना लिएका हुन्छौं । कहिले अरुलाई दोष दिन्छौं, कहिलेकाहीँ अरूलाई गलत मूल्यांकन गर्छौं। यी सबै सोचाइका त्रुटी हुन् ।यस्तो अवस्थामा आफूले आफैलाई मूल्यांकन गर्नुपर्छ । यस्तो सिप सिक्न पनि सकिन्छ । मनोविद् र मानसिक रोग विशेषज्ञको सहयोगमा यो सिप सिक्न सकिन्छ । रिस उठ्ने कुनै अवस्था छ भने सबैभन्दा पहिला त्यहाँबाट उठ्नुपर्छ ।

श्वासप्रश्वासको अभ्यास गर्न सकिन्छ । शुन्यदेखि १० सम्म गन्न सकिन्छ । अथवा उल्टोबाट गन्न सकिन्छ । नियमित व्यायम गर्न सकिन्छ । मनपर्ने खालको गीत सुन्न सकिन्छ । कतिपय अवस्थामा मुखले व्यक्त नगरी मनमा आएको कुरा लेख्न सकिन्छ । कविता कथा अथवा आर्ट गरेर पनि रिसको भावना नियन्त्रण गर्न सकिन्छ ।

रिस धेरै उठ्यो भनेर कतिले लागूपदार्थको प्रयोग गरेका हुन्छन् । त्यो झन् प्राणघातक हुन्छ । डिप्रेसन, एन्जाइटी लगायतका मनोरोगको समस्यामा परेकालाई रिस उठिरहेको हुन्छ । यस्तो बेलामा रिस नियन्त्रण गर्न नसकिने अवस्था आउँछ । त्यस्तो भएमा उपचारमा जानुपर्ने हुन्छ । रिस मानसिक समस्या भएमा मात्र उठ्छ भन्ने होइन। सामान्य अवस्थामा पनि मान्छे रिसाउँछ । कडा किसिमका मानसिक रोगमा तर्कहिन खालका सोचाइ उत्पन्न भएको अवस्थामा धेरै समयसम्म रिस उठ्छ । सामान्यतया रिस थोरै समयमा सकिन्छ । तर त्यो रिस धेरै समयसम्म रहन थाल्यो। त्यो रिसको बदलमा भौतिक रुपमा मान्छे उत्रिन थाल्यो भने त्यसलाई उपचार गर्नुपर्छ । कस्तो अवस्थामा रिस सामान्य हो र कस्तो अवस्थामा असामान्य हो भन्ने छुट्याउन मानसिक रोग विशेषज्ञसँग सल्लाह लिनुपर्छ । रिस व्यवस्थापनको पूर्व तयारी समेत गर्न सकिन्छ । बिहान उठेदेखिनै रिस व्यवस्थापनको पूर्व तयारी गर्न सकिन्छ । बिहानको समयमा १५ देखि २० मिनेट व्यायम गर्न सके धेरै हदसम्म रिसलाई नियन्त्रण गर्न सकिन्छ ।


## अब सिन्धुलीमै होमियोप्याथी विधिबाट उपचार



*कुनै पनि रोगको उपचार गर्दा रोगीमा कुन-प्रकारको लक्षणहरु देखिन्छ, त्यस्तै प्रकारको समान लक्षण उत्पन्न गराउन सक्ने औषधीको सुक्ष्म मात्रा प्रयोग गरी रोगीलाई निको पार्ने विधि नै होमियोप्याथी हो ।*

सम्पूर्ण नयाँ तथा पुरानो रोगहरुको होमियोप्याथीक औषिधहरुद्वारा उपचारकालागि मनिष होमियो फार्मेसीलाई सम्झनुहोस् ।

**विशेषता:**

१) वरिष्ठ होमियोप्याथिक चिकित्सकहरुद्वारा स्वास्थ्य परामर्श तथा जाँच सेवा ।
२) होमियोप्याथिक फार्मेसि सेवा ।
३) ल्याब जाँचमा १० प्रतिशत छुटको व्यवस्था ।

**उपचार गरिने रोगहरु**

१) बिना अप्रेशनः हाइड्रोशिल, हर्निया, बाबासिर गिर्खा, मासु पलाएको, एपेन्डिक्स, मृगौला र पिसाबथैलिको पत्थरीको सुलभ र सहज तरिकाले उपचार गरिन्छ ।

२) हाडजोर्नि तथा नशाः साइटिका, बाथरोग, गठिया, प्यारालाईसिस, हड्डी खस्केको, खिईएको लगायत नशा च्यापिएको छ ।

३) वल्ड प्रेसर, दम, पिनाश, एर्लजी, सोराईसिस, ग्याष्ट्रिक, गानोगोला, कब्जिय, थाईरोइड लगायत महिलाहरुमा आङ खस्ने, सेतोपानी बग्ने अनियमित महिनावारि, बोझोपन लगायत सम्पुर्ण नयाँ तथा पुरानो रोगहरुको उपचार गरिन्छ ।

**मनिष होमियो फार्मेसी (कनपा-७, बुद्धनगर, सिन्धुली)**

**सम्पर्क नम्बर: ९८१२१६३६०५, ९८००८६९१२८**

# मनोरञ्जन समाचार

## अमेरिका डुल्दै शिवहरिको लक्का जवान

**■ सिन्धुली सौगात**

काठमाडौं - लोकप्रिय हास्य अभिनेता शिवहरि पौड्याल (प्वाक्क मुखाँ हान्नुजस्तो) को डेब्यु निर्देशनमा बनेको फिल्म लक्का जवान नेपालपछि अमेरिकाका विभिन्न राज्यमा प्रदर्शन गरिएको छ ।

केही महिनादेखि अमेरिकी सहरमा प्रदर्शन भइरहेको फिल्म हालसम्म भर्जिनिया, मेरिल्याण्ड, न्युयोर्क, बोस्टन, न्युवर्ग, न्यु हेम्पसायर, मिसिगन र कनेक्टिकटमा प्रदर्शन गरिएको तथा क्यालिफोर्नियाँको सानफ्रान्सिस्को, लसएन्जल्स,



कोलोराडो, मिनिसोटा, पेन्सलभेनियां, टेक्सास, अस्टिन, नर्थ केरोलोना, केन्टकी, एटलान्टा, हेरिसवर्ग र ओहायो राज्यमा प्रदर्शनको तयारीमा रहेको निर्देशक पौड्यालले जानकारी गराउनु भएको छ । करिव करिब २२-२५ स्थानमा रिलिज हुने फिल्म धैरै राज्यमा मन पराइएको छ भने विभिन्न राज्यबाट अत्यधिक डिमान्ड भइरहेको छ । यसअघि, रिलिज गरिसकिएको अमेरिकी सहरमा समेत पुनः प्रदर्शनको लागि अनुरोध भइरहेको छ निर्देशक पौड्यालले भन्नु भयो । ध्रुव वन्तको प्रस्तुति र अनुसुया श्रेष्ठको निर्माण रहेको फिल्म निर्देशक पौड्याल स्वयंले लेख्नु भएको हो । “हाँस्दा हाँस्दैरून बाध्य बनाउने फिल्मको कथावस्तुलाई दर्शकले अधिक रुचाउनुभएको छ । स्थानीय चुनावसँगै नेपालमा रिलिज भएको फिल्म धेरैभन्दा धेरै दर्शकले हेर्न नपाउनु भएकोले एकपटक फेरि नेपालका सिनेमा घरमा रिलिज गर्ने तयारी गर्दैछौं” निर्देशक पौड्यालले जानकारी गराउनु भयो ।

फिल्मका निर्माता वन्तले फिल्म अमेरिकापछि अन्य देशमा पनि प्रदर्शन गरिने बताउनु भयो । “युके, जर्मन, कोरिया, अस्टभ्रेलिया, बेल्जियम, जापानजस्ता देशमा पनि निकट भविष्यमै प्रदर्शन गर्ने योजना छ,” निर्माता वन्तले भन्नु भयो ।

फिल्ममा दिलीप रायमाझी, प्रियंका कार्की, सलोन बस्नेत, वर्षा शिवाकोटी, किरण केसी, राजाराम पौड्या, शिवहरि पौड्याल, शुशील पोखरेल, सुरेन्द्रर केसी, जयनन्द लामा, सरोज खनाल, आयुषा श्रेष्ठ, सविता गुरुङ, अञ्जु महर्जन, नरेन्द्र कंसाकार, रवि डंगोल, देशभक्त खनाल, मुकुन्द मैनाली, रमेश केसी मदधारे लगायतका कलाकारले अभिनय गर्नु भएको छ ।

# एमाले ढाल्न प्रचण्ड र माधव काँग्रेसको बींड बने : ओली

**■ सिन्धुली सौगात**

काठमाडौं - नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमाले ढाल्न नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल नेपाली काँग्रेसरुपी बन्चरोको बींड बनेको टिप्पणी गर्नु भएको छ ।

शनिबार काठमाडौंमा आयोजित अगुवा कार्यकर्ता भेलामा उहाँले काँग्रेसलाई विगतमा २३ सिटमा खुम्च्याइदिएर कम्युनिष्टलाई ठाडो शिर गरेर हेर्न नसक्ने बनाइदिएको तर अहिले कम्युनिष्टलाई हराउन कम्युनिष्ट नै काँग्रेसको बींड बनेको बताउनु भयो । “काँग्रेसको बींड हेर्नुस् त कस्ता छन् ? एमाले काट्ने, एमाले सिध्याउने भनेका बींड कस्ता छन् के के नामका छन् ?” उहाँले प्रश्न गर्नु भयो ।

उहाँले रुख ढाल्ने बन्चरोको बींड रुखकै काठ प्रयोग हुँदा रुख धुरुधुरु रोएको एउटा कथा सुनाउदै भन्नु भयो

बञ्चरो लिएर एउटा रुख ढाल्न थालेछन् एक जनाले, वरतिर परतिरका रुख रुन थालेछन् । अरु रुखले सोधे “आखिर ढल्नु त छँदैछ, मर्नु त छँदैछ,कसैले काट्यो ढल्नुपर्‍यो भनेर किन आँशु खसालेको ?” देख्ने रुखहरुले भने, “बन्चरोले काट्यो ठूलो कुरा भएन, तर हामीलाई काट्ने बञ्चरोको बींड काठकै छ, त्यो चाहिं दुखको कुरा हो ।”

ओलीले भन्नु भयो, “बञ्चरोले मात्र रुख ढाल्न सक्दै सक्दैन । काँग्रेसलाई २३ सिटमा पुर्‍याइदिएका थियौं लड्ने त कुरा छाडिदिऔं हेर्न पनि सकेको थिएन, तर अदालत गएर सरकार ढालिपाउँ भन्ने दक्षिणपन्थी सरकार बनाइपाउँ भनेर परमादेश मागे ।”

ओलीले माओवादी र एकीकृत समाजवादी केन्द्रका नेता कार्यकर्तालाई एमालेमा फर्किन आग्रह गर्दै भन्नु भयो , “माओवादी र माधव नेपालका पछि लागेकालाई काँग्रेसको बींड हुने कि कम्युनिष्ट पार्टीमा फर्किने ?”

“आफूलाई वामपन्थी भन्ने साथीलाई काँग्रेसको बींड भएर कम्युनिष्ट आन्दोलन ढाल्दै जाने र समाजवाद निर्माण गर्ने भुलभुलैयामा नफस्नुस्, वामपन्थी आन्दोलन सफल पारौं” ओलीले भन्नु भयो ।

## थप छ सय ६० जनामा संक्रमण

**■ रासस**

काठमाडौं, - शनिवार छ सय ६० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनका अनुसार चार हजार छ सय ८२ जनामा परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो ।

योसँगै हाल सक्रिय संक्रमितको संख्या पाँच हजार छ सय ४१ पुगेको छ । यस अवधिमा चार सय ४४ जना संक्रमणमुक्त भएका छन् । हालसम्म नौ लाख ७२ हजार ६४ जना संक्रमणमुक्त भएका छन् । यस्तै आज कोरोना भाइरसको संक्रमणबाट एक जनाको निधन भएको छ । यससँगै अहिलेसम्म ११ हजार नौ सय ७१ जनाको संक्रमणबाट निधन भएको छ ।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर तथा दुई सयभन्दा बढी संक्रमित भएका जिल्ला मोरङ र कास्की रहेका छन् । संक्रमित शून्य भएका जिल्ला मनाङ, कालिकोट र हुम्ला रहेका छन् ।

यस्तै होम आइसोलेसनमा पाँच हजार चार सय ७१, संस्थागत आइसोलेसनमा एक सय ७०, सघन उपचारकक्ष (आइसीयू)मा ४६ र भेन्टिलेटरमा दुई जनाको उपचार भइरहेको छ ।

शनिबार २० हजार छ सय ६६ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

*विकास निर्माणबाट भएका सबै संरचनाहरुको संरक्षण गरि राज्यप्रति जवाफदेही बनौं।*

***कमलामाई नगरपालिका, सिन्धुली***

# खेल समाचार

## विश्वकप फुटबलमा कुन देश बलियो ?

**■ सिन्धुली सौगात**

काठमाडौं, - कतारमा यसै वर्ष हुने विश्वकप फुटबलमा ३२ देश उपाधिका लागि प्रतिष्पर्धा गर्नेछन् । आयोजक कतार स्वतः छनोट भयो । बाँकी ३१ टोली आ आफ्नो महादेश र केहीले प्ले अफ खेलेर कतारको यात्रा निश्चित गरे ।

विश्वकपमा छनोट हुनु सबै देशहरुका लागि ठूलो उपलब्धि हो । उपाधिका लागि अब निकै कडा प्रतिष्पर्धा हुने निश्चित छ । कतिपय देशहरुका लागि दोस्रो चरणमा प्रवेश गर्दा नै इतिहास रच्ने अवस्था हुन्छ । आयोजक कतार पहिलोपटक विश्वकप खेल्दैछ । विश्वकपमा सबैभन्दा बढी पटक उपाधि जितेको ब्राजिल, जर्मनी, अर्जेन्टिना, फ्रान्स, स्पेन, पोर्चुगल, इंग्ल्याड मुख्य दाबेदार मानिएका छन् । यसबाहेक नेदरल्यान्ड, क्यामरुन, जापान, दक्षिण कोरिया पनि बलियो टोली मानिएका छन् । विश्वकपमा उपाधि जितिसकेका देशहरुलाई सबैभन्दा दबाब हुने गरेको छ । फुटबलका महाशक्ति मानिएका ब्राजिल, अर्जेन्टिना, जर्मनी, फ्रान्स, स्पेन, इंग्ल्यान्ड बढी दबाबमा हुने देखिन्छ ।

रोनाल्डो पोर्चुगल र मेस्सी अर्जेन्टिनाबाट खेल्नु हुने भएकाले यी टोलीहरु बलिया मानिन्छन् । ब्राजिलमा नियमार खेलका आकर्षण हुनु हुन्छ । तर, ब्राजिलमा अन्य राम्रा खेलाडी पनि छन् । बेल्जियम सशक्त टोली मानिन्छ । उसका खेलाडीहरु विश्वकै उत्कृष्ट मानिन्छन् । फ्रान्सेली टोलीका खेलाडी शारीरिक रुपमा मजबुत छन् । स्पेनका खेलाडीमा बलमाथि निरन्तर नियन्त्रण बनाइराख्ने खूबी छ । जर्मनीको आक्रामक खेल हुनेगरेको छ । क्यामरुन बलिया खेलाडी भएको टोली हो । जापानी टोली संगठित र प्राविधि रुपमा बलियो मानिन्छ । दक्षिण कोरियामा पनि नाम चलेका खेलाडी छन् । इरानका खेलाडी शारीरिक रुपमा बलिया मानिन्छन् । फुटबलमा शारीरिक रुपमा मजबुत र खेलकौशल पनि राम्रो हुनुपर्छ । यूरोपेली देशका टोलीहरुमा बढी त्यो क्षमता देखिन्छ । खेलमा मौका नचुकाउने टोलीले नै बाजी मार्न सक्छ । अर्को विषय भाग्यलाई पनि महत्व मानिन्छ विश्वकप फुटबलमा ।

*तीनपाटन गाउँपालिका*
*गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार, सिन्धुली*
*बागमती प्रदेश, नेपाल*

### साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैर सरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको सूचना !

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०४/२२)*

तीनपाटन गाउँपालिकाले .कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघ सस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले “साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९” कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुवर्षिय/सालबसाली रुपमा कृषि तथा पशु बिकास मा आधारित साना किसान तथा युवा उद्यम शिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आशयपत्र पेश गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण तीनपाटन गाउँपालिकाको वेवसाइट www.tinpatanmun.gov.np बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न तीनपातन गाउँपालिका जवाफदेही हुने छैन ।

*प्रमुख प्रशासकीय अधिकृत*

***"With new management team & innovative approach"***

+2



Management
Hotel Management
Law



SIDDHABABA MANAGEMENT +2

With Air Condition classrooms & Most Appealing Premises

Kamalamai-4, Dhuraphat, Sindhuli

047-520365, 9854041065, 9843546519, 9819656877

# अन्तर्राष्ट्रिय समाचार

## इन्धनको मूल्यमा भारी वृद्धि

**■ रासस/सिन्ह्वा**

ढाका, - बंगलादेश सरकारले इन्धनको मूल्य इतिहासकै सबैभन्दा उच्च बनाएको छ । सन् १९७१ मा देश स्वतन्त्र भएपछि पहिलोपटक खुद्रा इन्धनको मूल्यमा उच्च वृद्धि भएको हो ।

बंगलादेश सरकारले शुक्रबार राति शनिवारदेखि लागू हुने गरी इन्धनको मूल्य ५१.७ प्रतिशतले बढाएको हो । ऊर्जा तथा खनिज स्रोत मन्त्रालयले जारी गरेको मूल्य सूचनाअनुसार अहिले एक लिटर अक्टेनको मूल्य १३५ टाका पुगेको छ । शुक्रवार अपराह्नसम्म सोही परिमाणको पेट्रालको मूल्य ८९ टाका थियो । डिजेल र मट्टितेलको मूल्य पनि ४२.५ प्रतिशतले बढाएर प्रतिलिटर ११४ टाका कायम भएको छ । पेट्रोलको मूल्य ४४ टाकाले बढेर १३० पुगेको छ । अधिकारीहरूले भने कि खुद्रा स्तरमा पछिल्लो मूल्य वृद्धि राज्य सञ्चालित वितरण कम्पनीहरूलाई दिइएको सहुलियतको बोझ कम गर्न अपरिहार्य भएकाले इन्धनको मूल्य बढाइएको उक्त मन्त्रालयले प्रेस विज्ञप्ति निकालेर जनाएको छ । साथै मन्त्रालयले अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बंगलादेशको भन्दा धैरै बढी भएको बताएको छ ।

आर्थिक क्षेत्रका जानकाररूले इन्धनको मूल्यवृद्धिले मुद्रास्फीतिलाई बढाउने बताएका छन् गत जुनमा मुद्रास्फीति बढेर ७.५६ प्रतिशत पुगेको थियो । बितेका नौ वर्षयता पहिलोपटक यति उच्च बिन्दुमा मूल्यवृद्धि पुगेको हो ।

# रोचक प्रसङ्ग

## जसले जुत्तामा रक्सी हालेर बेच्छन्

यदि तपाईं पनि मदिराप्रेमी हुनुहुन्छ भने चर्चित बियर कम्पनी हेनिकेनको नाम त अवश्य सुन्नुभएको होला । हेनिकेनले विभिन्न प्रकारका बियर बजारमा ल्याउने गर्दछ । पछिल्लो समयमा यो कम्पनीले जुत्तामा हालेर बियर बेचिरहेको छ ।

जुत्तामा राखेको बियर पिउन कसलाई पो मन लाग्ला र ? भन्ने ठान्नुहोला । तर हेनिकेनको त्यही जुत्ताको बियर पिउन मानिसहरू तछाडमछाड गरिरहेका छन् । हेनिकेनको उक्त बियरलाई हेनिकिक्स भन्ने गरिएको छ ।

हुनत फेसनको दुनियामा नयाँ कुरा पत्ता लगाउनु अर्थात् इनोभेसन कुनै अनौठो होइन । तर कुनै कम्पनीले जुत्तामा मदिरा राखेर बेचिरहेको फेसन चाहीँ सायद दुनियाँमै पहिलोपटक हो ।

हेनिकेन कम्पनीमा कार्यरत चर्चित डिजाइनर डोमिनिक सियाम्ब्रोन उर्फ शू सर्जनको सहयोगमा उक्त मदिरा भरिएको जुत्ता लञ्च गरिएको हो । कम्पनीले एक ट्वीट मार्फत जुत्ताको एक स्मार्ट जोडीको पहिलो लुक्स शेयर गरेको छ । कम्पनीले भनेको छ- तपाईंका लागि सोलमा डिजाइन गरिएको हेनिकेन सिल्भर, जसको नरमपनालाई अब नजिकबाट देख्न सकिनेछ । कम्पनीका अनुसार चर्चित डिजाइनर डोमिनिक सिआम्ब्रोनको सहयोगमा उक्त जुत्ताको डिजाइन गरिएको हो । यो जुत्ता हरियो र रातो रङमा उपलब्ध छ र त्यसमा सेतो रङ समायोजन गरिएको छ । यो जत्ता सीमिति संख्यामा मात्रै बजारमा पठाइने कम्पनीले जनाएको छ ।

यो जुत्ताको तलुवा अर्थात् सोलमा बियर भरिएको हुन्छ । एक विशेष सर्जिकल इन्जेक्सनको प्रयोग गरी तलुवामा बियर भरिन्छ ।

# आगामी सरकारको नेतृत्व लिन्छु : गगन थापा

■ सिन्धुली सौगात

काठमाडौं – नेपाली काँग्रेसका महामन्त्री गगन थापाले पहिलो पुस्ताका नेतालाई राजनीतिबाट सम्मानजनक बहिर्गमन गराएर पछिल्लो पुस्ताले नेतृत्वमा दाबी गर्नु स्वभाविक रहेको बताउनु भएको छ। आगामी निर्वाचन पछि नेपाली काँग्रेस सरकारमा रहेको अवस्थामा आफूले त्यसको नेतृत्व लिनेबारे पार्टीभित्र छलफल चलाइरहेको पनि उहाँले बताउनु भयो।

इकोनोमिक डिस्कसन फोरमले शनीबार काठमाडौंमा आयोजना गरेको 'नेपालको आर्थिक भविष्य र समुन्नत नेपालको खाका' विषयक कार्यक्रममा बोल्दै थापाले आफुले प्रतिनिधि सभा सदस्य र मन्त्रीका रुपमा अनुभव लिइसकेकोले सरकारको नै नेतृत्व लिन चाहेको बताउनु भएको हो।

"मैले प्रतिनिधि सभा सदस्य र मन्त्रीका रुपमा अनुभव लिए। यो अनुभवले मलाई नेतृत्व लिन सघाउँछ भन्ने लागेको छ," थापाले भन्नु भयो, " अब पहिलो तहका नेतालाई सम्मानजनक बहिर्गमन खोज्नुपर्छ भनेर पार्टीभित्र बहस पनि सुरु भएको छ। पछिल्लो पुस्ताले नेतृत्व लिनेबारे पार्टीभित्र एकतहसम्म छलफल पनि गरिसकेको छु।"

आफूले मात्र नभई दोस्रो पुस्ताका जुनसुकै नेताले नेतृत्व लिन चाहेको खण्डमा त्यसलाई सकारात्मक रुपमा लिनुपर्ने उहाँको भनाइ छ। "हामी बीचमै पनि प्रतिस्पर्धा हुनसक्ने अवस्था रहला। तर दोस्रो पुस्तालाई नेतृत्व दिलाउन प्रयास गर्छु," उहाँले भन्नु भयो।

नेपालमा राजनीतिक दलको सदस्यता प्रणाली ठिक नरहेका कारण क्षमता भएका व्यक्तिहरु पनि नेतृत्व तहसम्म पुग्न नसकेको पनि थापाले बताउनु भयो। "बाहिर अलोकप्रिय देखिएको मान्छे दलभित्र शक्तिशाली हुनुको कारण भनेको हामीले अपनाएको सदस्यता प्रणाली हो," उहाँले भन्नु भयो, "विगतमा पार्टी खुल्ला गर्नुहुन्न र जोसुकैलाई सदस्यता दिन हुन्न भन्ने मानसिकता थियो। जसकारण सीमित व्यक्ति र एउटै अनुहार दलभित्र हाबी भइरहे। अब पार्टीको सदस्यता सबैका लागि खुल्ला गरिनपर्छ।" वर्तमान राजनीतिक व्यवस्थाभित्र चुनाव जित्ने मानसकिता हाबी रहेको तर सरकार सञ्चालन र नेतृत्वको स्पष्ट कार्यदिशाको अभाव रहेको पनि उहाँले बताउनु भयो। "सरकार चलाउन सबैभन्दा ठूलो तयारी चाहिन्छ। तर हामीले त्यहि तयारी गरिरहेका हुँदैनौं। दलले निर्वाचन जितिसकेपछि के गर्ने भन्ने कार्ययोजना नै बताउँदैनन्, जित्ने कसरी भन्ने मात्रै भयो," थापाले भन्नु भयो।

नेपालले पछिल्लो तीन दशकयता उदारवाद र खुला बजार अर्थतन्त्र अंगालिरहेकोमा त्यसलाई थप परिस्कृत र समय सापेक्ष बनाउन नीतिगत सुधारका लागि आफूले काम गरिरहेको पनि थापाको भनाइ छ। "निकै कम समय र स्रोतबाट हामीले उपलब्धि हासिल गर्नुपर्ने अवस्था छ। आर्थिक नीति परिवर्तनका लागि टीमले काम गरिरहेको छ। केही बोल्ड रिफर्मको तयारी गरिरहेका छौं।"

# मंसिर ४ गते एकादशी हो, मासुभातले काम गर्दैन : रबि

■ सिन्धुली सौगात

काठमाडौं - राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले ठूला पार्टीसँग कुनै चुनावी एजेण्डा नै नभएको बताउनु भएको छ। शनिवार बुटवलमा आयोजित लुम्बिनी प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्दै अध्यक्ष लामिछानेले ठूला भनिएका पार्टीसँग आउँदो मंसिर ४ को चुनावमा जनतासँग भोट माग्ने नैतिकतासमेत नभएको दाबी गर्नुभयो।

लामिछानेले ६/६ जना पूर्वप्रधानमन्त्रीले गर्व गर्न लायक कुनै काम नगरेको दाबी गर्नु भयो। उहाँले अब यस्ता काम नगर्ने पूर्वप्रधानमन्त्री र ठूला भनिएका पार्टीलाई जनताले चिन्ने बेला आएको बतउनु भयो। उहाँले नेपाली मतदाता मासुभातमा बिक्छन भन्ने आरोप लाग्ने गरेकाले त्यसलाई यसपटक तोड्नुपर्ने बताउनु भयो। "यसपाली चुनावका दिन एकादशी र आइतवार अर्थात् रविवार परेको छ। मासुभातले समेत काम गर्ने छैन", उहाँले भन्नु भयो, "आफैं पढेको त्रिचन्द्र कलेजको दूरावस्था हुँदा पनि सुधार्न नसक्नेहरुले के गर्छन ?" उहाँले ठूला पार्टीहरुले जनतालाई भुक्याइँ मात्रै राखेका दाबी गर्दै त्यस्ता भुटको पछि नलाग्न आग्रह गर्नु भयो। उहाँले आफू नेतृत्वमा आएमा २४ सैं घण्टा नागरिकको समस्या सुन्ने संयन्त्र वातावरण बनाउने बाचा गर्नु भएको छ। "भ्रष्टाचार हेर्न नसक्ने अख्तियार, भ्रष्टाचारीको फाइल हेर्न नमिल्ने न्यायालयको के काम" भन्दै उहाँले जनताको असली शासन व्यवस्था आफूहरुले ल्याउने बताउनु भयो।

# महाअभियोगमाथि छलफल अघि बढ्ने

■ सिन्धुली सौगात

काठमाडौं- संघीय संसदमा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाविरुद्ध दर्ता भएको महाअभियोग प्रस्तावमाथि छलफल हुने भएको छ। राणाविरुद्धको महाअभियोग प्रस्ताव संसदमा टेबल भएको ६ महिनापछि अघि बढ्ने भएको हो।

संघीय संसद सचिवालयले आज(आइतबार) बस्ने प्रतिनिधिसभा बैठकको कार्यसूचीमा महाअभियोग प्रस्तावमाथिको छलफललाई सम्भावित कार्यसूचीमा समावेश गरेको छ। सचिवालयले शनिबार सार्वजनिक गरेको संसदको कार्यसूचीको अन्त्यमा प्रधानन्यायाधीश राणाविरुद्ध दर्ता भएको प्रस्तावमाथिको छलफल राखेको छ।

आइतबार बस्ने प्रतिनिधिसभाको बैठकमा प्रस्तावमाथि छलफल गर्ने गरी संसद सचिवालयले सम्भावित कार्यसूची सार्वजनिक गर्दै गर्दा सत्ता गठबन्धनमा आबद्ध दलहरूबीच पनि प्रस्ताव अघि बढाउन अनौपचारिक सहमति जुटिसकेको छ। माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङले आइतबारको बैठकले प्रस्तावमाथि सैद्धान्तिक छलफल गरेर छानबिन समितिमा पठाउन सक्ने जानकारी दिनुभयो। सत्ता गठबन्धनविरुद्ध लागेको भन्दै गत फागुन १ गते ९८ जना सांसदले राणाविरुद्ध महाअभियोग दर्ता गरेका थिए। प्रमुख प्रतिपक्षी दल एमालेले महाअभियोग अघि बढाउन निरन्तर संसदमा माग गरिरहेको थियो। गत फागुन २२ गते महाअभियोग संसदमा टेबल भएर ११ सदस्यीय सिफारिस समिति गठन भए पनि सत्ता पक्षीय दलहरूले अघि बढाउन चाहेका थिएनन्। महाअभियोग पारित गर्न दुई तिहाइ बहुमत चाहिने र एमालेको समर्थन विना नपुग्ने भएकाले फेल हुने प्रस्ताव अघि बढाउन गठबन्धनले चाहेको थिएन। चुनावको मिति घोषणा भएर संसदको कार्यकालको दिनगन्ती सुरु भएसँगै सिफारिस समितिमा पठाउन खोजिएको हो। आइतबार छलफलपछि छानबिन समितिमा पठाइने भए पनि संसदले त्यसलाई निर्णयमार्फत टुंग्याउने विषय अझै निश्चित भइसकेको छैन। छानबिन समितिले प्रतिनिधिसभा नियमावलीअनुसार तीन महिनाको समय पाउनेछ। त्यो अवधिमा समितिले आरोपित राणासँग सोधपुछ गर्ने, अभियोगबारे आवश्यक प्रमाण संकलन गर्नेछ। सत्ता पक्षसँग दुई तिहाइ बहुमत नभएकाले त्यो काम तीन महिना लगाएर गर्ने वा तत्काले गरेर प्रस्तावमाथि निर्णय लिने भन्नेबारे सत्ता गठबन्धन निष्कर्षमा पुगिसकेको छैन। संसद सचिवालयले राणाविरुद्धको महाअभियोगमाथि संसदमा छलफल हुने लगायत विभिन्न संभावित कार्यसूची शनिवार सार्वजनिक गरेको छ।

# बाबुराम किन अटाएनन् गठबन्धनमा ?

■ सिन्धुली सौगात

काठमाडौं -जनता समाजवादी पार्टी नेपालबाट अलग भएर नेपाल समाजवादी पार्टी नेपाल गठन गर्नु भएका डा. बाबुराम भट्टराई सत्ता गठबन्धनमा सहभागी हुन असफल हुनु भएको छ। यद्यपि उहाँले गठबन्धनको प्रयासलाई भने छाड्नु भएको छैन्।

जारी नेपाल समाजवादी पार्टी नेपालको बैठकमा समेत उहाँले आगामी चुनावका लागि चुनावी गठबन्धनका लागि काँग्रेस, माओवादी केन्द्रलगायतका दलसँग कुराकानी भइरहेको बताउनु भएको छ। काँग्रेस, माओवादी केन्द्रलगायतका दल सहभागी भएको गठबन्धनसँग सहमति नभए एमालेलगायत अन्य दलहरूसँग गठबन्धन गर्ने उहाँले योजना बनाउनु भएको छ। चुनावी गठबन्धन बनाएर नै जाने नेता भट्टराईको जोड थियो। यद्यपि चुनावमा गठबन्धन बनाएर जाने कि एक्लै चुनाव लड्ने विषयमा पार्टीले औपचारिक निर्णय भने गरिसकेको छैन। जारी बैठकले त्यसको बारेमा निर्णय गर्ने बताइएको छ। यसअघि जसपाबाट अलग भएको कारण आफू पनि पाँच दलीय गठबन्धनको हिस्सा भएको भन्दै नेता भट्टराई सोही गठबन्धनमा रहने इच्छा देखाउनु भएको थियो। तर गठबन्धनमा सहमति नभएको कारण बाबुराम भट्टराई अहिले बाहिर बस्न बाध्य हुनु हुन्छ। स्रोतका अनुसार नेता भट्टराईप्रति माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड सकारात्मक भए पनि जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव सकारात्मक नबनेपछि काँग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले पनि यसबारे चासो नलिनु भएको हो। बाबुराम भट्टराईसँग सुरुमा कुनै पार्टी नरहेको कारणले पनि गठबन्धनमा ल्याउन नेताहरूले रुचि नदेखाएको जसपाका एक कार्यकारिणी सदस्यले दाबी गरे। भट्टराईले समाजवादी केन्द्रमार्फत सत्ता गठबन्धनसँग नजिकिन खोज्नु भएको थियो तर प्रचण्डले समाजवादी केन्द्र बनाउनमा चासो लिनु भएको छैन्। प्रचण्ड वाम गठबन्धन बनाउनुपर्ने पक्षमा रहनु भएको छ भने नेता भट्टराई वाम गठबन्धन बनाउने पक्षमा देखिनु भएको छैन्। नेपाल समाजवादी पार्टीका एक शीर्ष नेताले भने, "पहिलो प्राथमिकता सत्ता गठबन्धन र समाजवादी केन्द्र नै रहेको छ, त्यसपछि मात्र एमाले तथा अन्य दल रहनेछन्।"नेता भट्टराईले एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग गठबन्धनलगायतका विषयमा पटक पटक छलफल गरिसक्नु भएको छैन्। अन्तिममा नभए एमालेसँग गठबन्धन गरेर जाने सोचाई अध्यक्ष भट्टराईको रहेको छ।






## आजको राशिफल

*मेष(चु,चे,चो,ला,लि,लु,ले,लो,अ) :* खराब व्यक्तिको विश्वासमा पर्नाले काममा धोका पाइनेछ। आफ्नै कमजोरीले परिवारजनमा असन्तुष्टि बढ्न सक्छ। स्वास्थ्य सबल बन्नेछ भने विभिन्न अवसरले पछ्याउन सक्छन्। मुद्दा मामिला तथा कामका विविध झमेलाहरूबाट मुक्ति मिल्नेछ। प्रयत्न गर्दा अप्ठ्यारा काम सजिलै सम्पादन हुनेछन्।

*बृष(ई,ऊ,ए,ओ,वा,वी,वु,वे,वो):* समयमा निर्णय लिन नसक्ता हातमा आएको अवसर गुम्न सक्छ। मान सम्मानमा चोट पुग्ने सम्भावना छ, सचेत रहनुहोला। आज रोकिएका काम बनी नयाँ काम सुरु हुनेछन्। व्यापारमा पनि फाइदा हुनेछ। दिन सामान्य नै छ। बहुमूल्य धातु संग्रह गरिएला। सामाजिक प्रतिष्ठा पाइनेछ। शत्रु परास्त हुनेछन्।

*मिथुन(का,की,कु,घ,ङ,छ,के,को,हा) :* अन्धविश्वासको भरमा काम गर्नाले दुःख पाइनेछ। धार्मिक काममा बाधा सृजना हुन सक्छ, सजक रहनुहोला। मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउनेछ। परिवारजनमा केही असमझदारी बढ्न सक्छ, सावधान रहनु होला। राजनीतिक पहुँच बढ्नेछ। तर पनि भूमि लगायत स्थायी सम्पत्तिको विषयमा भने केही विवाद निस्कन सक्छ, सावधान रहनु होला।

*कर्कट(ही,हु,हे,हो,डा,डी,डु,डे,डो) :* राष्ट्रियस्तरको मान सम्मान प्राप्त हुन सक्छ। प्रतिष्ठित व्यक्तित्वसँग भेटघाट हुनेछ। मंगलमय काम सम्पादन हुनेछ। काममा आफन्तको सहयोग जुट्न सक्छ। ढाड वा जोर्नीको समस्याले सताउन सक्छ। आम्दानी बढ्नाले उत्साह थपिनेछ। आफ्नै कमजोरीले हातमा आएको अवसर गुम्न सक्छ। खराब व्यक्तित्वको संगतले मान सम्मानमा चोट पुग्ने सम्भावना छ।

*सिंह (मा,मी,मु,मे,मो,टा,टी,टु,टे) :* परिवारजनको सहयोगले उत्साह बढाउनेछ। स्वास्थ्यका लागि भारी खानपानमा सजग रहनुहोला। सुखद समाचारले काममा उत्साह जगाउनेछ। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। आत्मीय जनसँग भेटघाट हुनेछ। व्यवसाय र उद्योगधन्दामा राम्रो फाइदा मिल्नेछ। पढाइ, लेखन, संगीत र कलामा रुचि बढ्नुका साथै प्रतिभाको उचित कदर हुनेछ।

*कन्या (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो) :* अनुसन्धानात्मक अध्ययन गर्नेहरूलाई फाइदाको दिन रहेको छ। टाढाको यात्राबाट धन लाभ हुन सक्छ। प्रेम र मित्रताको बन्धन कसिने समय छ। व्यापार व्यवसायमा राम्रै फाइदा हुनेछ। इष्टमित्र वा बन्धुबान्धवको सहयोग प्राप्त होला। भूमिबाट प्रशस्त फाइदा मिल्नेछ।

*तुला(रा,री,रु,रे,रो,ता,ती,तु,ते) :* सरकारी निकायबाट हुने कडिकडाउको सिकार भइएला। दण्ड जरिवानाको पनि सम्भावना छ। पति पत्नीबीच असमझदारी बढ्ने सम्भावना छ। शिर तथा पेटको समस्याले सताउन सक्छ। चिताएको काममा ढिला सुस्ती हुनेछ। अस्वस्थताले राजनीतिक तथा सामाजिक प्रभाव कमजोर बन्ने देखिन्छ।

*बृश्चिक (तो,ना,नी,नु,ने,नो,या,यी,यु) :* व्यापार व्यवसायमा लगानी बढाउने समय छ। आफन्त, परिवारजनमा आत्मीयभाव बढ्नेछ। जीवनसाथीलाई केही पीडा हुने ग्रहयोग छ। स्वास्थ्यमा बाधा र रोगको पहिचान हुन कठिन हुने देखिन्छ।

*धनु (ये,यो,भा,भी,भु,ध,फा,ढा,भे) :* आज ब्यापारबाट प्रशस्त धन लाभ हुनेछ। भौतिक साधनहरू जुट्नेछन्। कृषिउपज र पशुधनबाट पनि राम्रै फाइदा हुनेछ। लामो समयदेखि रोकिएका काम सम्पादन गर्ने समय छ। नयाँ उद्योग वा विशेष काम सुरु गर्ने मौका छ। राजनीतिक पहुँच बढ्नेछ। कुनै नयाँ काम प्रारम्भ हुन सक्छ। आर्थिक समस्या पनि समाधान हुनेछ।

*मकर (भो,जा,जी,जु,जे,जो,ख,खी,खु,खे,खो,गा,गी):* रमाइलो भ्रमण गर्ने अवसर प्राप्त होला। घर जग्गा तथा बन्धुबान्धवसँग असमझदारी बढ्ने योग छ। पठन पाठनमा राम्रो उन्नति हुनेछ। सन्तान वा अनुयायीले पनि प्रसन्नता दिलाउनेछन्। टाढाको यात्राको सम्भावना पनि रहेको छ। विभिन्न अवसरले पछ्याउनेछन्। मुद्दा मामिला वा कामका विविध झमेलाहरूबाट पनि केही समयलाई मुक्ति मिल्नेछ।

*कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,दा) :* काममा बाधा हुन सक्छ। प्रतिस्पर्धीहरूले आफ्नो ठाउँ ओगट्न सक्छन्। साथै पुरानो रोगले पुनः दुःख दिन सक्छ। घर खर्च बढ्नुका साथै व्यापारमा केही मन्दी आउने देखिन्छ। घरेलु समस्याले महत्वपूर्ण काममा बाधा पुग्न सक्छ। घर जग्गा वा स्थायी सम्पत्तिमा विवाद आउन सक्छ। प्रतिष्ठित व्यक्तिसँग मित्रता बढ्नेछ।

*मीन(दी,दु,थ,झ,ञ,दे,दो,चा,ची) :* चोट पटक वा हाड जोर्नीमा समस्या आउने देखिएकाले सवारी साधन वा हात हतियार उपयोग गर्दा सावधानी अपनाउनु होला। आर्थिक समस्या समाधान हुनेछ। पारिवारिक सम्बन्ध अलि कमजोर बन्न सक्छ।

तपाईंको दिन शुभ रहोस्!

प्रकाशक : सगुन सौगात मिडिया प्रा.लि. मुद्रक: सगुन अफसेट प्रिन्टिङ्ग प्रेस, कार्यालय: क.न.पा. ५, मधुटार, सिन्धुली, फोन नं. ०४७-५२१०९१, ईमेल : ssmedia2068@gmail.com
अध्यक्ष: विनोद कुमार रायमाझी (९८४४०४५८६७), सम्पादक:सबिर रायमाझी, सह-सम्पादक:- सगुन रायमाझी , कार्यकारी सम्पादक:सौगात रायमाझी, सम्वाददाता: विश्वज्योति थापा, कम्प्युटर/डिजाइन:- सागर रायमाझी